# कोइचियोङ् (Guiqiong)

इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार १४,००० जना कोइचियोङ् जातिका मानिसहरू चीनमा छन्। तातु नदीको किनारहरूमा शिचुआन प्रान्तको कर्चे स्वायत्त शासन अञ्चलमा पर्ने लुतीङ् जिल्लाका पठारहरूमा बस्छन्। थियन्चुअन् जिल्लाको उत्तर–पश्चिमी भागहरूमा अन्य थोरै कोइचियोङ्हरू बसोबास गर्छन्। गर्मी याममा पहाडमा भएको हिउँहरू पग्लिँदा तातु नदी विशाल रूपमा बढेर बग्न थाल्छ। यो नदी नै यी मानिसहरूको जीवनको आधार हो। यो नदीले शिचुआन प्रान्तको उत्तरी भागहरूमा पर्ने पहाडहरूलाई फुटाएर बाटो बनाएको छ; यसले गर्दा यो नदीको दुवैपट्टि पठारहरू छन्। कोइचियोङ्हरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएको छ।


China Advocate

सन् १९५० भन्दा अघिसम्म यिनीहरूले बढी अफिमको खेती गर्थे, कम्युनिस्ट सरकार स्थापना भइसकेपछि सरकारले अफिमको खेतीलाई नष्ट पार्न लगायो। आजकलको समयहरूमा यिनीहरूले सागसब्जी, गहुँ, मकै र जौ को खेती गर्छन्।

कोइचियोङ्हरू नामधारी रूपमा बुद्ध धर्मलाई पछ्याउँछन्। यिनीहरूलाई सुसमाचार अथवा ख्रीष्टको बारेमा कुनै ज्ञान छैन। कोइचियोङ् जस्ता जातिहरूलाई उद्धारमा डोऱ्याउन चाहेको लगनशीलताको बारेमा जेम्स ओ फ्रेसरले यसरी बयान गर्नुभएको छ: "मिशन काम हुने स्थलमा सुसमाचारको सेवा भनेको चाहिँ सबै कुरा ओसिएको उपत्यकामा अँध्यारोमा हातमा अगुल्टो बोकेर आगो बाल्न सक्ने कुराहरूलाई खोजिहिँडे जस्तै हुन्छ........आगो लगाएको अगुल्टो र त्यसलाई ल्याएको मानिस गएको धेरै समयपछि यता कुनै लौरोहरू, उता कुनै पत्करहरू, यता कुनै रूखहरू आगो लागेर बल्न थाल्छन्, र ज्योति र राप दिन्छन्। परमेश्वरले देख्न चाहनुभएको कुराहरू पनि यही नै हो.......साना साना आगोको थुप्रोहरू संसारभरि बलिरहेको।"




**Population:**
9,760 (2000)
12,020 (2010)
14,800 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

**संक्षेप:**

**अन्य नामहरू:** Guichong

**जनसंख्या:**
चीन : १४,५००
(PeopleGroups.org)

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:** १००%

**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन

